नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
**Securities Board of Nepal**
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेस विज्ञप्ती

**नियमपालना नगर्ने योजना व्यवस्थापकहरुलाई पहिलो पटक आर्थिक जरिवाना ।**

बोर्डवाट योजना व्यवस्थापकहरुको स्थलगत तथा गैह्रस्थलगत निरीक्षणको क्रममा सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६ को उपनियम (१) को खण्ड (ङ) को व्यवस्था बमोजिम योजना व्यवस्थापकले प्रत्येक योजनाको रकम लगानी गर्दा बैंक निक्षेपमा योजनाको कुल सम्पत्तिको दश प्रतिशत भन्दा बढी नहुने गरी लगानी गर्नुपर्ने सीमा तोकिएकोमा सिबिआइएल क्यापिटल लि, एनआईसि एशिया क्यापिटल लि., लक्ष्मी क्यापिटल मार्केट लि. र एनएमबि क्यापिटल लि.ले संचालन गरेको कोष योजनाहरुको लगानीको क्षेत्र अनुसारको सीमाभन्दा अधिक हुने गरी लगानी गरेको पाइएकोले धितोपत्र सम्वन्धी ऐनको दफा १०१ को उपदफा (७) बमोजिम, कानुनी व्यवस्था उलंघनको स्तरको आधारमा वोर्डवाट पहिलो पटक देहाय अनुसारको आर्थिक जरीवाना गरिएको छ ।

१. एन.एम.वि. क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ, लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, बानेश्वर, काठमाण्डौ र सिबिआईएल क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौ प्रत्येकलाई रु. ३५ हजार ।
२. एनआईसि एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौलाई रु.२५ हजार ।

यसवाट धितोपत्र व्यवसायीहरुको नियमपालनाको अवस्था मजवुत हुन गई स्वस्थ एवं व्यवस्थित वजारको विकास हुने वोर्डको अपेक्षा रहेको छ ।

मिति: २०७५।०९।१६

(निरज गिरी)
प्रवक्ता

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np